

रुद्राक्ष धारणको धार्मिक र अध्यात्मिक महत्व ?

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लाना पनि खुलेको छ ।



दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५४५४०९



जि.प्र.का.झापा द.नं.६१) ०५७।०५८

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

purbasandesh.com

अपाङ्गता भएका व्यक्तिलाई अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाई:

- शिक्षा र रोजगारीमा अवसर सुनिश्चित गरौं,
- निर्णय प्रक्रियामा सहभागी गराऔं,
- सार्वजनिक संरचनाहरु अपाङ्ग मैत्री बनाऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष-२१ ❑ अंक - २८३ ❑ २०८३ मङ्सिर ०१ गते मंगलबार ❑ Tuesday, 17 Nov. 2026 ❑ मूल्य ७ /-

देशभरिका अगुवा ज्येष्ठ धनकुटामा भेला

ज्येष्ठ नागरिकलाई उपेक्षा नगर्न आग्रह

पंकज दाहाल



दमक/ राज्यले ज्येष्ठ नागरिकहरूलाई उपेक्षा नगरी सम्मान र संरक्षण गर्नुपर्ने भन्दै धनकुटामा भेला भएका देशभरिका अगुवा ज्येष्ठ नागरिकहरूले आवाज बुलन्द गरेका छन् । देशका अधिकांश जिल्लाबाट यही कार्तिक २७ र २८ गते यसरी भेला भएका ज्येष्ठ नागरिकहरूले विभिन्न समयमा हुने निर्वाचनमा समेत प्रभाव पार्न सक्ने ३० लाखको संख्यामा आफूहरू रहेको भन्दै राजनीतिक दलहरूलाई समेत बेवास्ता नगर्न चेतावनी समेत दिएका छन् । उनीहरूको भनाई छ, हामीले भोट नदिए कुन पार्टीका कुन नेताले चुनाव जित्छन्, हेरौं न ? चेतावनीको भाषामा आफूहरूको शतप्रतिशत संख्याले मतदानमा भाग लिने गरेको र निर्णायक मत समेत रहेकाले बेवास्ता र उपेक्षा गरे, स्वाद चखाउने काम हुन सक्ने प्रतिक्रिया दिएका छन् ।

यस्तो चेतावनी सहितको आवाज राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ नेपालको १२ औं वार्षिक साधारण सभाका लागि भेला भएका ज्येष्ठ नागरिकहरूले उठाएका हुन् । स्थानीय तहको निर्वाचन नजिकिइरहेका बेला उनीहरूको यस्तो चेतावनी आउनुलाई गम्भीर रूपमा लिनुपर्ने हुनसक्ने देखिन्छ । 'सबै ज्येष्ठ नागरिकले भोट नदिऔं त, राजनीतिक दल र नेताहरूको के हालत हुन्छ । तर कुसींमा पुगेपछि हामी ज्येष्ठहरूलाई हेला र अपहेलना गर्ने गरेकोमा दुःख लाग्छ ।' महासंघका केन्द्रीय अध्यक्ष सूर्यप्रसाद श्रेष्ठले भने- अहिले ज्येष्ठ नागरिक मन्त्रालयको नाम हटाइएको छ । किन हटाइयो, यो अवहेलना नभए के हो ? अनि जम्मा २ हजार नौ सय जनसंख्या भएको यौनिक तथा लैङ्गिक अल्पसंख्यकको नाम राखिएको छ । कसैको नाम राख्दाकोमा आपत्ति छैन, तर ज्येष्ठ नागरिकको नाम हटाउनु हामीप्रति गरिएको उपेक्षा र बेवास्ता हो, यसमा वर्तमान सरकारले पुनर्विचार गरोस् । '

महासंघका अध्यक्ष श्रेष्ठले भने नभए हामी आन्दोलन गर्न बाध्य हुन्छौं, तोडफोड र आगजनी त ज्येष्ठ नागरिकले नगर्लान, तर शंख फुकेर विरोध गरी मैदानमा उत्रिन सक्छन् । नयाँ युवाहरूले ज्येष्ठ नागरिकको सम्मान गर्नुपर्नेमा झन अपमान गरेको महशूस देशभरिका ज्येष्ठ नागरिकहरूले गरेको साधारण सभामा सहभागी ज्येष्ठ नागरिकहरूको भनाइ सुन्दा थाहा हुन्थ्यो । साधारण सभाका बन्द सत्रको हलमा अधिकांश ज्येष्ठ नागरिकहरूले बरू महिला, बालबालिका अनि लैङ्गिक तथा यौनिक अल्पसंख्यक कसैको पनि नाम नलिइ सामाजिक सुरक्षा मन्त्रालय मात्र भनेको भए आफूहरूलाई स्वीकार्य हुन सक्थ्यो, हाम्रो महासंघले पनि यही सल्लाह, सुझाव दिएको पनि थियो, तर हामीलाई बेवास्ता बाँकी ४ पेजमा ▸▸

प्रधानमन्त्री सचिवालयको जिम्मेवारी हेरफेर

दमक/ प्रधानमन्त्री बालेन्द्र शाहले सचिवालयको कार्यसम्पादन समीक्षा गर्दै कर्मचारीहरूको जिम्मेवारीमा व्यापक फेरबदल गरेका छन् । समीक्षापछि केही कर्मचारीलाई नयाँ जिम्मेवारी दिइएको छ भने माधव खनालले लाई सचिवालयबाट हटाइएको छ ।

आइतबारदेखि लागू हुने गरी गरिएको परिवर्तनमा दीपा दाहाल, विश्व राई र इन्जिनियर सञ्जिव पाण्डेको जिम्मेवारीसमेत फेरिएको छ । यसअघि विज्ञका रुपमा काम गरिरहेका उनीहरूलाई अब संयोजकको जिम्मेवारी दिइएको छ ।

नयाँ व्यवस्थाअनुसार दाहालले मिडिया व्यवस्थापन संयोजक, पाण्डेले विकास तथा मन्त्रालयगत समन्वय संयोजक र राईले सामाजिक विकास समन्वय संयोजकको जिम्मेवारी पाएका छन् । दाहाल यसअघि प्रेस तथा अनुसन्धान विज्ञका रुपमा कार्यरत थिइन् । प्रधानमन्त्रीको सल्लाहकार टोलीका एक सदस्यका अनुसार सचिवालयका सदस्यहरूको कार्यसम्पादन मूल्यांकनपछि जिम्मेवारी परिवर्तन गरिएको हो । राम्रो कार्यसम्पादन गर्नेहरूलाई बढुवा गरिएको र केहीको जिम्मेवारी घटुवा तथा हेरफेर गरिएको उनले बताए । 'कार्यप्रगति रिभ्यु भएको थियो । त्यसमा राम्रो कार्यसम्पादन भएका केहीको बढुवा गरियो भने कतिपयको जिम्मेवारी हेरफेर र घटुवा पनि भएको छ,' ती सदस्यले नेपालखबरसँग भने, 'यो सबै प्रधानमन्त्रीकै चाहनाअनुसार भएको हो ।'

नयाँ जिम्मेवारीसम्बन्धी विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा समेत राखिएको छ । पद परिवर्तन भए पनि केही कर्मचारीको पहिलेको कार्यक्षेत्रसँग सम्बन्धित काम भने निरन्तर रहने देखिएको छ ।

सचिवालय पुनर्संरचनाका क्रममा प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव र पाँच जना सल्लाहकारको जिम्मेवारी भने परिवर्तन गरिएको छैन । मुख्य सल्लाहकार कुमार व्यञ्जनकार, राजनीतिक सल्लाहकार असिम शाह, स्वास्थ्य सल्लाहकार प्रा. डा. जगदिशप्रसाद अग्रवाल, नीति, प्रशासन तथा सुशासन सल्लाहकार सुदिप ढकाल र सूचना तथा सञ्चार प्रविधि सल्लाहकार विवेक मिश्र यथावत् छन् । त्यस्तै, प्रमुख स्वकीय सचिव सुवास शर्मा र स्वकीय सचिव नवीन भण्डारीले पनि पुरानै जिम्मेवारीमा निरन्तरता पाएका छन् ।

विकास सहायता मुख्य एजेन्डा लिएर

प्रधानमन्त्री भारत जाने

दमक/ प्रधानमन्त्री बालेन शाहको प्रस्तावित भारत भ्रमणमा नेपालले पूर्वाधार विकास, हवाई तथा स्थल यातायात विस्तार र पुनर्निर्माणका लागि भारतीय सहयोग जुटाउने विषयलाई प्राथमिकताका साथ उठाउने भएको छ । मंसिर ६ देखि ९ गतेसम्म हुने तयारी गरिएको भ्रमणका एजेन्डाबारे दुवै देशका अधिकारीबीच छलफल भइरहेको छ ।

भ्रमणका क्रममा सडक, रेल, हवाई सेवा, पुल, विद्युत् प्रसारण लाइन र पेट्रोलियम पाइपलाइन विस्तारका विषयमा द्विपक्षीय वार्ता हुने परराष्ट्र मन्त्रालयले जनाएको छ । विशेषगरी पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि थप हवाई प्रवेश मार्ग उपलब्ध गराउन नेपालले भारतसँग आग्रह गर्ने तयारी गरेको छ ।

नेपालगञ्ज र कञ्चनपुरबाट हवाई प्रवेश मार्ग उपलब्ध गराउने तथा भैरहवास्थित बाँकी ४ पेजमा ▸▸

पैनीमा डुबेर गणेशको मृत्यु

झापा/झापा गाउँपालिका-५ रूङमारी टोलस्थित हुक्लाबारी पैनीमा डुबेर एक पुरूषको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय ४२ वर्षीय दीपककुमार गणेश रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । प्रहरीका अनुसारसोमबार बिहान करिब ९:३० बजे उनी पैनीमा घोप्टो परेको अवस्थामा मृत फेला परेका थिए ।

स्थानीयले घटनाबारे प्रहरी चौकी शरणामतिमा जानकारी गराएपछि प्रहरी सहायक निरीक्षक तीर्थबहादुर भण्डारीको कमाण्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरीले घटनास्थल सुरक्षित राखी थप अनुसन्धान तथा आवश्यक बुझे कार्य अघि बढाएको जनाएको छ ।

दुर्घटना हुँदा ३३ जना घाइते

दमक/ पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपुरको कावासोती नगरपालिका-११ लोकाहामा यात्रुबाहक बस दुर्घटना हुँदा ३३ जना घाइते भएका छन् ।

सोमबार बिहान धनगढीबाट काठमाडौं जाँदै गरेको सुदूरपश्चिम प्रदेश ०५-००१ ख ३४७५ नम्बरको यात्रुबाहक बस चालकले नियन्त्रण गुमाई सडकमा पल्टिएर दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनामा बसमा सवार ३३ जना यात्रु घाइते भएका छन् । घाइतेहरूलाई उपचारका लागि मध्यविन्दु प्रादेशिक अस्पताल डण्डा पठाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक अनिल पण्डितले जानकारी दिए ।

१२ हजारबढी चालक कारबाहीमा

दमक/ ट्राफिक नियम उल्लंघन गर्ने १२ हजार ९६७ जना सवारीचालक गएको महिनामा कारबाहीमा परेका छन् । कारबाहीमा पर्नेमा सबैभन्दा बढी मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउने छन् । कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार यही कात्तिक १ गतेदेखि २९ गते सम्म मादक पदार्थ सेवन गरी सवारी चलाउने दुई हजार ८९२ जना र लागुपदार्थ सेवन गरी सवारी चलाउने ७८ जना चालक कारबाहीमा परेका हुन् । प्रहरीले मादकपदार्थ तथा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउँदा सडक दुर्घटनाको जोखिम बढ्ने भएकाले त्यस्ता गतिविधि नियन्त्रणका लागि नियमित बाँकी ४ पेजमा ▸▸

'मधेशले दिएको माया र मत खेर जाँदैन'



दमक/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले मधेशले दिएको माया र मत खेर नजाने बताउनुभएको छ । छठ पर्व मनाउन जनकपुर गुगेका सभापति लामिछानेले सिरहामा सम्बोधन गर्दै यस्तो बताएका हुन् ।

मधेश जहिले पनि परिवर्तनको पक्षमा रहँदै आएको बताउँदै उनले सुशासन र समृद्धिका लागि रास्वपाको पक्षमा गरिएको मत खेर जान नदिन सचेत रहेको बताए । 'मधेशको समस्या पनि भ्रष्टाचार र कुरीति हो । यसको अन्यका लागि सरकारले काम थालिसकेको छ । केन्द्र सरकारका हातखुट्टा भनेका स्थानीय र प्रदेश सरकार हुन् । स्थानीय र प्रदेश सरकार बनाउन पनि साथ चाहिएको छ,' उनले भने, 'पार्टीमा कुनै मनमुटाव छैन । पार्टी र सरकार सन्तुलित रुपमा अघि बढिरहेका छन् ।

स्थानीय चुनावमा नेताको वरिपरि रहेर उम्मेदवार बनाइदिने सोच त्यागेर जनताको साथमा काम गर्ने इमानदार र काम गर्न सक्ने क्षमता भएका उम्मेदवार चयनका लागि 'क्यान्डिडेट क्लब' खोलिएको उनको भनाइ छ ।

मधेशमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र सामाजिक न्यायका बाँकी ४ पेजमा ▸▸

पहाडका बँसीमा धान उठाउने खेतालाको अभाव



इलाम/ *रोजगारीको खोजीमा युवा जनशक्ति विदेशिएपछि पहाडका बँसीमा धान उठाउने खेतालाको अभाव भएको छ । बँसी खेतका फाँटहरू पर्झेलुपर भएका छन्, तर उठाउने जनशक्ति नहुँदा किसान समस्यामा परेका छन् । इलामका तल्लो क्षेत्रमा धान काट्ने सिजन सुरू भएको छ । विहार सकिएसँगै यहाँका किसान धान काट्न व्यस्त छन् । यस वर्ष समयमा वर्षा भएकाले धान उत्पादन राम्रो हुनुका साथै मित्याँउने समयमा मौसमले साथ दिएपछि स्थानीय किसान उत्साहका साथ खेतमा खटिएका छन् । तर पहाडका खेतमा मेसिनको प्रयोग नहुँदा काम गर्न जनशक्ति अभाव भएको छ ।*

मौसमले साथ दिएपछि धान काट्न सुरू गरिएको माडसेबुङ गाउँपालिका-३ रुवाबँसीका किसान देउकुमार इधिङ्होले बताए । स्थानीय किसान बाँकी ४ पेजमा ▸▸

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,बाट्गा, टिड्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयतालै यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

☞ डा. हेम राज मैरे ☞ डा. सि.पि. मैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. रुमाकर दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. साया्रा ढकाल
☞ डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड्, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

सम्पादकीय

छठ पर्वले दिएको एकताको सन्देश

नेपाली सांस्कृतिक पर्वहरूको शृंखलामा छठ पर्वको स्थान अत्यन्तै विशिष्ट, मौलिक र सामाजिक सद्भावले परिपूर्ण छ । सूर्य उपासनाको यो महान् पर्व केवल धार्मिक अनुष्ठान वा व्रत मात्र होइन, यो प्रकृतिप्रतिको कृतज्ञता, सामाजिक समरसता र राष्ट्रिय एकताको अनुपम सूत्र हो । भौगोलिक, जातीय र वर्गीय विविधताले भरिएको नेपाल जस्तो देशमा छठ पर्वले जानजाति र वर्गका सीमाहरूलाई तोड्दै सम्पूर्ण समाजलाई एकै डोरोमा बाँध्ने शक्तिशाली सन्देश दिएको छ । छठ पर्वको सबैभन्दा ठूलो विशेषता यसको समावेशी र समतामूलक चरित्र हो। यस पर्वमा कुनै पनि प्रकारको जातपात, उच्चनीच वा धनीगरिबको भेदभाव रहँदैन । तराई, मधेसदेखि पहाड र हिमालसम्म, गाउँदेखि सहरसम्म छठघाटहरूमा देखिने जनसागर यसको प्रत्यक्ष प्रमाण हो । घाटमा सबै वर्ग र समुदायका मानिसहरू एउटै मञ्चमा उभिएर अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिनछन्। यहाँ न कोही सानो हुन्छ, न कोही ठूलोहा सबै साझा संस्कृतिका संवाहक बनेर उभिएका हुन्छन् । यो समानताको अभ्यासले समाजमा गहिरिएर रहेको असमानता र विभेदको पर्खाललाई भत्काउन ठूलो मद्दत पुऱ्याएको छ ।

त्यस्तै, छठ पर्वले प्रकृति र मानवबीचको अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्दछ । यस पर्वमा प्रयोग हुने सामग्रीहरू कसुरी, ठकुवा, विभिन्न फलफूल, उखु र माटाका भाँडाकुँडा(सबै स्थानीय कृषि उत्पादन र प्रकृतिका देन हुन् । सूर्य, जल, माटो र हावालाई पूजा गर्नुले हामीलाई यो सिकाउँछ कि हाम्रो जीवन प्रकृतिसँग जोडिएको छ । प्रकृतिको संरक्षणबिना मानव अस्तित्वको कल्पना गर्न सकिँदैन । पर्यावरणीय सन्तुलन बिग्रिरहेको आजको समयमा छठले हामीलाई प्रकृतिप्रति उत्तरदायी बन्न ठूलो पाठ पढाएको छ ।

सामाजिक पक्षलाई हेर्ने हो भने, छठ पर्वले पारिवारिक र सामुदायिक बन्धनलाई अझ प्रगाढ बनाउँछ । रोजगारी वा अध्ययनको सिलसिलामा टाढा(टाढा पुगेका परिवारका सदस्यहरू यस पर्वमा घर फर्कन्छन्। मिलेर घाट बनाउने, सरसफाइ गर्ने, प्रसाद तयार गर्ने र आपसमा खुसी साटासाट गर्ने चलनले आपसी सहयोग र सद्भावको भावनालाई बलियो बनाउँछ । यो पर्वले छिमेकीहरूबीचको सम्बन्धलाई सुमधुर बनाउँदै सामूहिक भावनाको विकास गर्छ, जहाँ म' भन्दा हामी' भन्ने भावना प्रधान हुन्छ । आजको आधुनिक र व्यस्त युगमा, जहाँ मानिसहरू व्यक्तिगत स्वार्थ र कृत्रिमतामा रूमलिँदै गएका छन्, छठ पर्वले हामीलाई आफ्ना सांस्कृतिक जरा, सामाजिक उत्तरदायित्व र सहअस्तित्वको महत्व सम्झाइरहेको छ । विभिन्न राजनीतिक, सांस्कृतिक र वैचारिक द्वन्द्वकाबीच पनि नेपाली समाजलाई एकाकार गर्न यस्ता सांस्कृतिक पर्वहरूको भूमिका अतुलनीय छ ।

अन्त्यमा, छठ पर्वले दिएको एकता, समानता र प्रकृतिको सम्मानको सन्देशलाई केवल एक उत्सवको रूपमा मात्र सीमित नराखी आफ्ना दैनिक जीवनमा आत्मसात् गर्नु आजको आवश्यकता हो । भौगोलिक र सांस्कृतिक विविधतालेयुक्त हाम्रो देशमा यस्ता पर्वहरू नै राष्ट्रिय एकताका बलिया खम्बा हुन् । छठ पर्वको यो पवित्र एकतालो भावनालेदेशलाई समृद्धि, शान्ति र सुसम्बन्धको बाटोमा अगाडि बढ्न सधैं प्रेरित गरिरहोस् ।



सन्तेन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

रुद्राक्ष भगवान शिवका प्रिय आभूषण मानिन्छ । रुद्राक्ष धारण गर्ने व्यक्ति हरु दीर्घायु हुन्छन् ,तथा अकाल मृत्यु हुने जस्ता दुर्घटनाहरूबाट जोगिएका हुन्छन् । रुद्राक्षको माला धारण गर्ने गृहस्थहरु लाई अर्थ र कामको प्राप्ति हुन्छ भने योगी र साधकहरुलाई धर्म र मोक्षको प्राप्ति हुन्छ । रुद्राक्ष मालाले छोएको जल शिरमा लगाउनाले सबै प्रकार का पापहरूबाट मुक्त भई अक्षय पुण्यको प्राप्ति हुन्छ ।

रुद्राक्ष धारणको धार्मिक र अध्यात्मिक महत्व

नेपालमा सनातन काल देखि नै शैव मतका शिव उपासकहरुले रुद्राक्षको माला धारण गर्ने प्रचलन रहँदै आएको छ प्राचीन काल देखि नै हाम्रा ऋषि मुनिहरुले रुद्राक्ष धारण गरी आ' नो शरीरको शोभा बढाई रहेका भेटिन्छन् । नेपालका राष्ट्र देवताको रुपमा परिचित र पूजित भगवान पशुपतिनाथ विश्व भरिका सनातन हिन्दू धर्मावलम्बीहरुको आस्थाको प्रतीकको रुपमा रहनु भएकोले प्रत्येक शिव भक्तहरुले रुद्राक्षको माला धारण गरी आ' नो जीवनलाई धन्य बनाई रहेका हुन्छन् । हाम्रा शास्त्र पुराणहरुमा र धार्मिक ग्रन्थहरुमा रुद्राक्षको ठूलो धार्मिक र आध्यात्मिक महत्व बताइएको छ । एकातिर रुद्राक्ष धार्मिक आध्यात्मिक ऊर्जाले भरिएको हुन्छ भने अर्कोतिर आयुर्वेदिक र स्वास्थ्यका दृष्टिकोणले पनि रुद्राक्षको ठूलो महत्व रहेको छ ।

मानिसहरुका त क कुरा देवी देवताहरुले पनि रुद्राक्ष धारण गरी आफूलाई धन्य ठानि रहेका हुन्छन् । रुद्राक्ष धारण गर्ने व्यक्ति साक्षात् रुद्रका समान पूजनीय हुन्छन् । रुद्राक्ष धारण गर्नाले मात्र पनि जन्म जन्मान्तरका पापहरु नाश हुन्छन् तथा मोक्षको प्राप्ति हुन्छ । रुद्राक्ष धारण गरेर तथा रुद्राक्षको माला लगाएर हाम्रा ऋषिमुनिहरुले हजारौ हजार वर्षसम्म तपस्या गरेका छन् र विभिन्न किसिमका सिद्धिहरू पनि प्राप्त गरेका छन् । विधि विधानपूर्वक रुद्राक्षको माला धारण गर्नाले रुद्राक्षको महत्व धेरै गुणा बढेर जान्छ । रुद्राक्ष भगवान शिवका प्रिय आभूषण मानिन्छ । रुद्राक्ष धारण गर्ने व्यक्ति हरु दीर्घायु हुन्छन् ,तथा अकाल मृत्यु हुने जस्ता दुर्घटनाहरुबाट जोगिएका हुन्छन् । रुद्राक्षको माला धारण गर्ने गृहस्थहरु लाई अर्थ र कामको प्राप्ति हुन्छ भने योगी र साधकहरुलाई धर्म र मोक्षको प्राप्ति हुन्छ । धार्मिक दृष्टिले मात्र होइन आयुर्वेदिक भौतिक र योग साधनाको दृष्टिकोणले पनि रुद्राक्ष धारण लाई प्रकृतिको अनुपम वरदानको रुपमा लिइन्छ । मेरु तन्त्रमा लेखिएको छ ,,, समस्त सिद्धियै रुद्राक्षा । अर्थात् रुद्राक्ष धारण गर्नाले सबै किसिमका सिद्धि प्राप्त गर्न सकिन्छ । रुद्राक्ष मालाले छोएको जल शिरमा लगाउनाले सबै प्रकारका पापहरुबाट मुक्त भई अक्षय पुण्यको प्राप्ति हुन्छ ।

'रुद्राक्ष स्फटिकेन्द्राक्ष मध्ये किन्चिन्न दापयेत'

शिव रहस्य तन्त्रमा लेखिएको छ, एको वक्त्रं शिवह साक्षात ब्रह्म हत्याम व्यपोहति,, अर्थात् एकमुखी रुद्राक्ष साक्षात शिव स्वरुप एवं ब्रह्म स्वरुप हुनछन् । एक मुखी रुद्राक्ष राखिएको ठाउँमा लक्ष्मी स्थिर भएर बस्नु हुन्छ ।

दुई मुखी रुद्राक्ष हरगौरी स्वरुप वा पार्वती स्वरुप हुनछन । गौरीशंकर इईमुखी रुद्राक्षले झात अज्ञात गौवध समान पाप नष्ट गर्छ पनि भनिएको छ । यो साक्षात अर्धनारीश्वर स्वरुप हुन्छ र कामनाहरुको पूर्तिमा सहायक हुन्छ । तीननुखी रुद्राक्ष भगवान कार्तिकेयको स्वरुप हो । यसबाट सबै पाप नष्ट हुने फल प्राप्त हुन्छ । तीन मुखी रुद्राक्ष साक्षात अग्नि स्वरुप हुन्छ । यसलाई धारण गर्नाले शारीरिक बल तेज र आत्मबलमा वृद्धि हुन्छ तथा लक्ष्मी र विद्याको प्राप्ति हुन्छ । चार मुखी रुद्राक्ष साक्षात ब्रह्म समान मानिन्छ यसबाट ब्रह्म हत्या र ज्ञात अज्ञात पाप तथा पूर्व जन्ममा अर्जित सबै किसिमका पापहरुको पनि विनाश हुन्छ, साथै यसबाट अर्थ धर्म काम र मोक्ष गरी चारवटै पुरुषार्थको प्राप्ति हुन्छ । पाँचमुखी रुद्राक्ष कालाग्नि रुद्र स्वरुप हुनछन् । यसले अग्ग्य गमन, अभक्ष्य भक्षण आदि ज्ञात अज्ञात पापहरु समेत नष्ट गर्दछ । यो सबै कामनाहरुको पूर्ति गर्ने मोक्षदायी र सर्वपापहारी हो । पाँचमुखी रुद्राक्षको एक सय आठ वटा दानाको माला धारण गर्नुलाई विशेष महत्व दिइन्छ ।

छ मुखी रुद्राक्ष कार्तिकेय तथा परम ईश्वर विष्णुको स्वरुप हो । यसले गर्भपतन गराइएको पाप समेत नाश गर्दछ । छ मुखी रुद्राक्षलाई दाहिने भुजामा धारण गरिन्छ । यसले ब्रह्महत्या जस्ता पापहरुलाई पनि निवारण गर्दछ । सात मुखी रुद्राक्ष बासुकी नागराज तथा महाविष्णुको स्वरुप हो । यसले सुन चोरी जस्ता जघन्य अपराधबाट हुने पापहरु नष्ट गर्दछ । यो सप्तऋषि स्वरुप हो । यसलाई गलामा अथवा दायाँ भुजामा धारण गर्न सकिन्छ । यसलाई धारण गर्ने दरिद्र व्यक्ति पनि धनी हुनछन् । आठमुखी रुद्राक्ष भगवान विनायक अष्टगणेश वा गणपतिको स्वरुप हो । यसले सम्पूर्ण असत्यहरु नष्ट गरी सत्यको पालना गराउँदछ । यसलाई अष्टभुजा भएकी देवीको स्वरुप पनि मानिन्छ । सबै किसिमका विघ्न बाधाहरु समाप्त पारी यसले मानिसलाई पूर्ण आयु दिन्छ । अल्पायु पुरुष पनि आठमुखी रुद्राक्ष धारण गर्नाले सबै किसिमका अरिष्ट बाधाहरुबाट मुक्त हुनछन् । नौमुखे रुद्राक्ष भगवान भैरव देवको स्वरुप हुन ।

नौमुखी रुद्राक्ष धारण गर्नेलाई आनन्द भैरवले शिव सायुज्यतातो लागि गति प्रदान गर्नुहुन्छ । नौमुखे रुद्राक्ष नवदुर्गाको स्वरुप हो । यसको माला धारण गर्नाले जीवनका सबै प्रकारका ऐश्वर्य हरु प्राप्त गर्न सकिन्छ । दश मुखी रुद्राक्ष भय, उपद्रव ,भूत प्रेतादि नाश गर्ने वाला भगवान विष्णुको स्वरुप हो । दशमुखी रुद्राक्ष सबै कामनाहरुको पूर्ति गर्ने साक्षात यज्ञ गरे सामान पुण्य प्राप्त हुन्छ । यो साक्षात हनुमान स्वरुप हो । यो सबै ठाउँमा विजय दिलाउने तथा आध्यात्मिक शक्ति प्रदान गर्ने कार्यमा सहायक हुन्छ । बारह मुखी रुद्राक्ष आदित्य स्वरुप हुनछन् यसको धारण गर्नाले आँखाको ज्योति बढ्छ र साथै बुद्धि तथा स्वास्थ्य को प्राप्ति पनि हुन्छ । तेह्र मुखी रुद्राक्ष साक्षात देवराज इन्द्रका स्वरुप हुनछन् । यो कामना पूर्ति सिद्धिप्रदायक तथा सौभाग्य र मङ्गलदायी हुनछन । चौध मुखी रुद्राक्ष अत्यन्त दुर्लभ रुद्राक्षको रुपमा परम शिवको स्वरुप मानिन्छ । सबै देवताहरुहरुको कृपा यसमाथि रहन्छ । यसको धारण गर्नाले सबै किसिमका पापहरु नाश हुन्छ पनि पूरा मुखी रुद्राक्ष गौरीशंकरको स्वरुप हुन्छ । यसले सबै किसिमका मनोवान्छित फल तथा रिद्धिसिद्धि प्रदान गर्दछ ।

रुद्राक्षको उत्पत्ति भगवान शिवको आँखाको आँसुबाट उत्पन्न भएको हुनाले रुद्राक्ष भगवान शिवको अदुभुत अमूल्य र चमत्कार पूर्ण देन मानिन्छ । ॐ नमः शिवाय मन्त्रको उच्चारण गरी एक सय आठ वटा दाना भएको रुद्राक्षको माला धारण गर्न सकिन्छ ।

रुद्राक्षको माला धारण गरेर हरेक सनातन हिन्दु धर्मावलम्बी धर्मप्रेमी व्यक्तिहरुले आध्यात्मिक उन्नति गर्न सक्छन् । यसलाई धारण गर्दा विभिन्न किसिमका सांसारिक दुःख कष्टहरु शारीरिक मानसिक तथा दैविक कष्टहरु तथा दुष्ट ग्रहहरुको कारण जीवनमा बाधाको रुपमा आइरहने संकटहरुबाट समेत छुटकारा प्राप्त हुन्छ । यसलाई धारण गर्नाले व्यक्तिको आध्यात्मिक उर्जा वृद्धि हुन्छ तथा मनमा सकारात्मक विचारहरुको अभ्युदय हुन्छ । यसलाई धारण गर्नाले लम्ड प्रेसर जस्ता रोगहरुबाट पनि छुटकारा प्राप्त हुन्छ भन्ने जनविश्वास रहेको छ यसलाई धारण गर्नाले हृदय समेत स्वस्थ्य रहन्छ । तथा मानिसहरुलाई हृदयघात पर्न सक्ने सम्भावना र खतरालाई टाल्न सकिन्छ । यो धारण गर्नाले शरीरमा रक्त सञ्चार प्रणाली मा कुनै किसिमको अवरोध आउँदैन ।

मानिसहरुको मनभित्रको सबै किसिमका मनोविकारहरु हटेर जानछन् साधकहरुको लागि रुद्राक्ष मालाको प्रयोग अत्यन्त आवश्यक हुन्छ । शुद्ध र असली रुद्राक्ष पहिचान गर्नुपर्दा रुद्राक्षको जुन दाना पानीमा डुब्छ त्यसलाई असली रुद्राक्ष को रुपमा पहिचान गर्न सकिन्छ । जुन रुद्राक्ष दाना पानीमा डुब्दैन त्यसलाई उच्चकोटीको रुद्राक्ष मान्न सकिँदैन । कमसल खालको रुद्राक्ष पानी मा काट पीडिरहेको जस्तो हुन्छ । त्यस्तो कमसल खालको रुद्राक्षलाई प्रयोग गर्नु हुँदैन । प्राकृतिक रुपले नै नेपालको हिमालय क्षेत्रहरुमा रुद्राक्षको प्रशस्त बोट बिरुवा हरु पाइन्छ नेपालमा उत्पादन भएको रुद्राक्ष अत्यन्त नै पवित्र रुद्राक्षको रुपमा विश्वभरि नै पुजित र अभिनन्दित हुन्छ । भगवान शिवका बाह्र वटै ज्योतिर्लिङ्ग भएका तीर्थस्थलहरुमा नेपालमा उत्पादित रुद्राक्षका मालाहरुको प्रयोग हुने गर्दछ । भगवान शिवका अत्यन्त प्रिय मानिने शिवभक्त अघोरी साधकहरु तथा अघोरी नागा बाबाहरुले समेत आ' नो शरीरलाई पूर्णरुपमा निर्वस्त्र राखिए पनि आ' नो गलामा र शिरमा रुद्राक्षका मालाहरु धारण गरी शिवरात्री पर्वको अवसरमा भगवान पशुपतिनाथको दर्शन गर्न आउँदा नेपाली भक्तजनहरुको ठूलो आदर श्रद्धा र विश्वास प्राप्त गरिरहेका भेटिन्छन् । तसर्थ नेपाली समाजमा रुद्राक्षको उपादेयता र धार्मिक सामाजिक आयामहरुको विस्तार हिमालयदेखि कन्याकुमारीसम्मको सनातन संस्कृतिमा व्यापक हुँदै गइरहेको छ र नेपालको रुद्राक्षको माग विश्वव्यापी रुपमै बढ्न थालेको छ ।

धर्मसंस्कृति

इटहरीमा भजनकीर्तन महोत्सवको तयारी



इटहरी । धार्मिक तथा सांस्कृतिक पहिचानलाई प्रवर्द्धन गर्दै इटहरीलाई भजन कीर्तनको सहरका रुपमा चिनाउने उद्देश्यले एरिना टेलिमिजनले इटहरीमा बृहत् भजन कीर्तन महोत्सव आयोजना गर्ने भएको छ ।

महोत्सवको तयारीस्वरुप आयोजित कार्यक्रममा भजन कीर्तन महोत्सवको आधिकारिक लोगो अनावरण गरिएको छ । एरिना टेलिमिजनका सञ्चालक समिर काकी, कार्यक्रमका प्रमुख अतिथि मण्डलेश्वर दिनबन्धु शास्त्री तथा इटहरीका भजनप्रेमी व्यक्तित्वहरुको उपस्थितिमा लोगो अनावरण कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा धार्मिक, सांस्कृतिक तथा सामाजिक क्षेत्रमा भजन कीर्तनको महत्वबारे चर्चा गर्दै यस अभियानलाई सफल बनाउन सबै भजन कीर्तन समूह, धार्मिक संघसंस्था तथा भजनप्रेमीहरु एकजुट हुनुपर्नेमा जोड दिइएको थियो ।

एरिना टेलिमिजनका सञ्चालक समिर काकीले भजन, गीत तथा कीर्तनमार्फत इटहरीको धार्मिक र सांस्कृतिक पहिचानलाई राष्ट्रियस्तरमा चिनाउने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको बताए । उनले इटहरी तथा आसपासका क्षेत्रका सम्पूर्ण भजन कीर्तन समूहलाई अभियानमा जोडिन आह्वानसमेत गरे ।

कार्यक्रमका संयोजक तथा पूर्व डीएसपी चिरञ्जीवी कोइरालाले महोत्सवलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्न आवश्यक तयारी भइरहेको जानकारी दिए ।

महोत्सवले विभिन्न भजन कीर्तन समूहलाई एउटै मञ्चमा जोड्नुका साथै नयाँ पुस्तामा धार्मिक, सांस्कृतिक तथा मौलिक परम्पराको संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

पाठक पत्र

इटहरीको छठ कार्यक्रम : उत्सवको गरिमा कि व्यवस्थापनको कमजोरी ?

इटहरीको बुढीगंगा तटमा छठ पूजा २०८३ सम्पन्न भएको छ । छठ पर्व धार्मिक आस्था, सामाजिक सद्भाव, एकता र सांस्कृतिक पहिचानसँग जोडिएको महत्वपूर्ण पर्व हो । यस वर्ष छठ पर्वको अवसरमा इटहरीस्थित छठ सेवा समितिले आयोजना गरेको औपचारिक कार्यक्रम भने विभिन्न प्रश्न र आलोचनाको घेरामा परेको छ ।

कार्यक्रममा इटहरी उपमहानगरपालिका का नगरप्रमुख हेमकर्ण पौडेल, उपप्रमुख संगीता चौधरीलगायतको उपस्थिति रह्यो । तर, विगतका वर्षदेखि इटहरीको सामाजिक, सांस्कृतिक तथा विकास निर्माणमा योगदान पुऱ्याउँदै आएका थुप्रै व्यक्तित्व, जनप्रतिनिधि, कलाकार, धार्मिक गुरुजन तथा सामाजिक अगुवाहरुको अनुपस्थितिले कार्यक्रमको व्यवस्थापन र समन्वयमाथि प्रश्न उठाएको छ ।

कार्यक्रम हेर्दा आयोजकले अतिथिहरुलाई निमन्त्रणा गरे पनि उनीहरुको उपस्थिति सुनिश्चित गर्न नसकेको हो कि भन्ने प्रश्न स्वाभाविक रुपमा उठेको छ । बोलाइएका अतिथिहरु कार्यक्रमस्थलसम्म नपुगेको कारण के हो ? कार्यक्रम सुरु भएदेखि अन्त्यसम्म मञ्चमा अतिथिहरुको उपस्थिति रित्तो रहनुको कारण के हो ? यस विषयमा आयोजक समितिले गम्भीर समीक्षा गर्नुपर्दैन ?

अघिल्लो वर्ष प्रमुख अतिथिका रुपमा निमन्त्रणा गरिएका वडाध्यक्ष तथा नगर प्रवक्ता दिवस पोखरेल, पूर्वनगरप्रमुख द्वारिकलाल चौधरी, पूर्वमन्त्री रामकुमार सुब्बालगायत इटहरीका प्रतिष्ठित व्यक्तित्वहरु यसपटक कार्यक्रममा उपस्थित नहुनुको कारण के हो ? विगतका वर्षमा सुन्दरहरैंचातर्फ आयोजना हुँदै आएको मञ्चीय कार्यक्रम यसपटक इटहरीमै हुनु खुसीको विषय हो । तर, आफ्नै सहरमा आयोजना भएको कार्यक्रमबारे स्थानीय सरोकारवालालाई पर्याप्त जानकारी र निमन्त्रणा किन गरिएन ?

त्यस्तै, विभिन्न दातादरुको सहयोगमा स्थापना गरिएका स्मृति पुरस्कारहरु यस वर्ष किन वितरण गरिएनन् ? दातादरुको योगदान र सम्मानसँग जोडिएका यस्ता पुरस्कारलाई निरन्तरता दिन नसक्नुको कारण के हो ?

कार्यक्रमको व्यवस्थापनसँगै छठ पर्वको धार्मिक तथा सांस्कृतिक मर्यादाबारे पनि सामाजिक सञ्जालमा प्रश्न उठेका छन् । औपचारिक कार्यक्रम भइरहँदा पछाडिको क्षेत्रमा मदिरा तथा मांसाहारी भोजन र जुवाजन्य गतिविधि भएको दाबी सार्वजनिक भएका छन् । यदि यस्ता गतिविधि भएका हुन् भने आयोजक समिति र सल्लाहकार समूहले यसलाई नियन्त्रण गर्न किन सकेनन् ? यस विषयमा पनि स्पष्ट जवाफ आउन आवश्यक छ ।

अब केही सुझाव र आग्रह :

१. सबैलाई सम्मान गर्ने संस्कार विकास गरौं । समितिमा रहेका पदाधिकारी तथा सल्लाहकारहरुले आफूभन्दा सानालाई पनि सम्मान गर्ने र सबैको योगदानको कदर गर्ने संस्कार बसाल्नुपर्छ ।

२. रचनात्मक सुझावलाई आत्मसात् गरौं । कसैले दिएको सुझावलाई व्यक्तिगत प्रतिष्ठाको विषय नबनाऔं । सुझाव दिने व्यक्तिसँगै बोलचाल बन्द गर्ने प्रवृत्तिले संस्थागत सम्बन्ध कमजोर बनाउँछ ।

३. सामाजिक गतिविधिमा वर्षभरि सक्रिय बनौं । चाडपर्वका बेला मात्रै सहयोगको नामmा स्थानीय पालिका धाउने होइन, अन्य समयमा पनि सामाजिक गतिविधिप्रति चासो, चिन्ता र सक्रियता देखाउनुपर्छ ।

४. व्यक्तिगत हावी हुने प्रवृत्ति त्यागौं । समितिमा सबैले आफूलाई सर्वसर्या ठान्ने होइन, आपसी समन्वय, समन्वयकारी र सामूहिक निर्णयको अभ्यास गर्नुपर्छ ।

५. पर्वको गरिमा र उद्देश्यलाई प्राथमिकता दिऔं । छठ पर्वलाई केवल औपचारिक कार्यक्रम र मञ्चीय प्रस्तुतिमा सीमित नराखी यसको धार्मिक, सांस्कृतिक र सामाजिक महत्वलाई जोगाउन सबै पक्ष जिम्मेवार बन्नुपर्छ ।

अन्त्यमा, छठ पर्व कुनै व्यक्ति वा संस्थाको निजी प्रतिष्ठाको विषय होइन । यो सम्पूर्ण समुदायको आस्था, विश्वास र साझा सांस्कृतिक सम्पदा हो । यसको गरिमा जोगाउने जिम्मेवारी आयोजक समितिको मात्र नभई हामी सबैको हो । यस वर्ष देखिएका कमी-कमजोरीलाई आत्म समीक्षाको अवसरका रुपमा लिँदै आगामी दिनमा अझ व्यवस्थित, मर्यादित र समावेशी कार्यक्रम आयोजना गर्न सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहन्छु ।

मेरा यी भनाइ कसैप्रति व्यक्तिगत आग्रह वा पूर्वाग्रहबाट प्रेरित छैनन् । संस्थाको सुधार र छठ पर्वको गरिमा कायम रहोस् भन्ने सद्भावपूर्ण उद्देश्य मात्र हो ।

रिसानी माफ होस् ।

बन भाई । इटहरी

गोठगाउँ चोकमा आकाशे पुल निर्माण गर्न माग



मोरङ / मोरङको सुन्दरहरैंचा नगरपालिका-७ स्थित गोठगाउँ चोकमा बढ्दो सवारी दुर्घटनाको जोखिम न्यूनीकरण गर्न आकाशे पुल निर्माण गर्न माग गरिएको छ । पूर्व-पश्चिम राजमार्गमा पर्ने उक्त चोकमा विद्यार्थी, ज्येष्ठ नागरिक र सर्वसाधारणको आवतजावत बढ्दै गए पनि सुरक्षित रूपमा सडक वारपार गर्ने व्यवस्था नहुँदा दुर्घटनाको जोखिम बढेको हो ।

स्वतन्त्र नागरिक समाज सुन्दरहरैंचाले गोठगाउँ चोकमा तत्काल आकाशे पुल निर्माणको प्रक्रिया अघि बढाउन माग गरेको छ । समाजले मोरङ निर्वाचन क्षेत्र नम्बर ६ की प्रतिनिधिसभा सदस्य रूबिना आचार्यसमक्ष सार्वजनिक अपिल गर्दै पुल निर्माणका लागि पहल गर्न आग्रह गरेको हो ।

समाजका अध्यक्ष विरञ्जीवि शिवाकोटीका अनुसार यस विषयमा स्थानीयस्तरमा छलफल भइरहेको छ । उनका अनुसार गोठगाउँ चोकमा पटक(पटक दुर्घटना हुँदा मानवीय क्षतिसमेत भएकाले पैदलयात्रुको सुरक्षाका लागि आकाशे पुल आवश्यक देखिएको हो ।

गोठगाउँ चोकको उत्तरतर्फ पूर्वाञ्चल विश्वविद्यालयको मुख्य प्रवेशद्वार तथा मेडिकल कलेज र शिक्षण अस्पताल जाने मार्ग रहेको छ । दक्षिणतर्फ पञ्चायत माध्यमिक विद्यालय तथा आसपासमा मदरेल्यान्ड माध्यमिक विद्यालय, ज्ञानज्योति माध्यमिक विद्यालयलगायत शैक्षिक संस्था सञ्चालनमा छन् । चोक आसपास बजार विस्तारसँगै बैंक, वित्तीय संस्था, होटल, मेडिकल तथा दैनिक उपभोग्य वस्तुका पसलसमेत बढेका छन् ।

यसका कारण दैनिक ठूलो संख्यामा विद्यार्थी, स्थानीय बासिन्दा, ज्येष्ठ नागरिक तथा सर्वसाधारणले राजमार्ग वारपार गर्नुपर्ने अवस्था छ । तर तीव्र गतिमा गुड्ने सवारीसाधनका बीच पैदलयात्रुका लागि सुरक्षित सडक पार गर्ने भरपर्दो व्यवस्था छैन ।

समाजले अहिले नै आकाशे पुल निर्माणको योजना अघि नबढाए आगामी दुई–तीन वर्षपछि सडक निर्माण सम्पन्न भइसकेको अवस्थामा पुनः सडक खन्नुपर्ने र यातायात सञ्चालनमा समस्या आउन सक्ने जनाएको छ । त्यसैले सडक निर्माणसँगै पुलको योजना पनि अघि बढाउन सम्बन्धित निकायसँग आग्रह गरिएको छ ।

गोठगाउँ चोकमा बढ्दो सवारी चाप र पैदलयात्रुको जोखिमलाई ध्यानमा राख्दै स्थानीय सरकार, सडक विभाग, जनप्रतिनिधि तथा सम्बन्धित निकायले मागबारे आवश्यक अध्ययन गरी निर्माण प्रक्रिया अघि बढाउनुपर्ने समाजको माग छ ।

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, भापा
विगत दुई दशक
उपभोक्ताप्रतिको एपाइहरुण्यो सेवाबाट
समर्पित टिम मर्सात कोन्छले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सबै लेटेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, सेटिङिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC लाशिङ मेशिन, लौटा शुलभ दरमा ब्यावेन्टीका साथ मर्सात गरिएछ ।
यार्ने यहाँ अर्डर अनुसार आवै प्रकारका UPS, इनवर्टर, रटेपलाइजर लगाँ तथार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेटेपहेडहरु मोटर र फेल पाइन्छ ।
नोट :
१) शेडिकल हाडिपटलमा प्रयोग हुने सबै लाशाहरु मर्सात गरिएछ ।
२) यहाँ होला सम्मिलको लेखा पनि उपलब्ध छ ।
३) सबै एकारका शेकोपहेडहरु शलाल पनि बिक्री गरिएछ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

SHREE RATNA JEWELLERY
दमक-६, शंखधरचोक, भापा
छापावाल सुन + बिक्री दर 2,69,600/
चाँदी + बिक्री दर 3535/-
हिजोको सुनचाँदीको दरभाउ
शुद्धताको ग्यारेन्टीसहित सधैं आधुनिक तथा डिजाइनका आकर्षक डिजाईनका सुनचाँदीका गरगहनाहरु बनाइन्छ साथै पुराना गहनाहरु साटेर नयाँ शुभ मूल्यमा अदि-बिक्री गरिन्छ ।
शुभ मूल्यमा अदि-बिक्री गरिन्छ ।
सुरक्षित रोक लकरको आवश्यकता परेमा पनि हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८१९११११११
9815996315

पाथीभरामा एकैदिन ११ हजार बढी दर्शनार्थी

ताप्लेजुङ/ ताप्लेजुङमा अवस्थित प्रसिद्ध धार्मिकस्थल पाथीभरामा एकैदिन ११ हजार २७२ जना दर्शनार्थी पुगेका छन् । शनिबार एकैदिन उक्त संख्यामा भक्तजनले पाथीभरा मन्दिरमा दर्शन तथा पूजापाठ गरेका हुन् ।

पाथीभरा क्षेत्र विकास समितिका अनुसार यो संख्या यस वर्षकै सबैभन्दा बढी हो । यसअघि कात्तिक तेस्रो साता मंगलबार एकैदिन १० हजार ६१६ जना भक्तजनले पाथीभरा दर्शन गरेका थिए । कात्तिकको अन्तिम साता शनिबार दर्शनार्थीको संख्याले यसअघिको रेकर्ड तोडेको समितिका कार्यकारी निर्देशक प्रजिन हाङ्बाङडले जानकारी दिए ।

गत वर्ष नवरात्र सुरू भएसँगै पाथीभरामा दर्शनार्थीको चाप बढ्ने गरेको थियो । तर, यस वर्ष शुक्र अस्तलगायतका कारण लामो समयसम्म दर्शनार्थीको संख्या न्यून रहेको थियो । मौसमविद्ले देशभर वर्षा हुने पूर्वानुमान गर्दै टाढाको यात्रा नगर्न आग्रह गरेकाले पनि तीर्थयात्रीको आगमन प्रभावित भएको थियो ।

कात्तिक तेस्रो सातादेखि मौसममा सुधार आएपछि पाथीभरा दर्शनका लागि आउने भक्तजनको संख्या बढ्दै गएको समितिले जनाएको छ ।

स्वास्थ्य

दक्षिणपूर्वी एसियामा ३५ करोडभन्दा बढी वयस्क मधुमेहबाट प्रभावित

World Health Organization
South-East Asia Region

दमक । दक्षिणपूर्वी एसियाली क्षेत्रमा २५ करोड ४० लाखभन्दा बढी वयस्क मधुमेहबाट प्रभावित भएका छन् । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार मधुमेह भएका लाखौं व्यक्तिले आफूलाई रोग लागेको जानकारीसमेत पाएका छैनन् भने पहिचान भएका बिरामीमध्ये करिब दुई तिहाइले रगतमा चिनीको मात्रा नियन्त्रण गर्ने औषधि तथा आवश्यक उपचार पाउन सकेका छैनन् ।

विश्व मधुमेह दिवसका अवसरमा डब्लुएचओ दक्षिणपूर्वी एसियाका निमित्त प्रमुख डा. निलेश बुद्धले सन्देश जारी गर्दै मधुमेहको समयमै पहिचान, सर्वसुलभ उपचार र नियमित स्वास्थ्य हेरचाहको व्यवस्था गर्नुपर्नेमा जोड दिएका छन् ।

उनले मधुमेहको समयमै पहिचान र उचित व्यवस्थापन हुन नसके मुटु, मिर्गौला, स्नायु प्रणाली तथा आँखामा गम्भीर क्षति पुग्न सक्ने बताए । मधुमेह नियन्त्रणका लागि रोग लागेपछि उपचार गर्नेभन्दा जोखिममा रहेका व्यक्तिको पहिचान र रोकथामका उपायलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ छ ।

डब्लुएचओका अनुसार मधुमेह नियन्त्रणको सुरूवात समुदायस्तरबाटै हुनुपर्छ । स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने वातावरण निर्माण, रोगका प्रारम्भिक लक्षण पहिचान तथा जोखिममा रहेका व्यक्तिको नियमित परीक्षणमा प्राथमिक स्वास्थ्य सेवाको भूमिका महत्वपूर्ण हुन्छ ।

मधुमेह पहिचान भएका प्रत्येक व्यक्तिले आर्थिक भार नपर्ने गरी निरन्तर उपचार र स्वास्थ्य सेवा पाउने व्यवस्था गर्नुपर्नेमा पनि सङ्गठनले जोड दिएको छ ।

दक्षिणपूर्वी एसियाली क्षेत्रमा नसर्ने रोग नियन्त्रणका लागि सञ्चालन भइरहेको 'सिह्यर्स' पहलमार्फत मधुमेह उपचार सेवा विस्तार गर्ने काम भइरहेको छ । यस क्षेत्रका सदस्य राष्ट्रहरुले सन् २०३० सम्म ७ करोड मधुमेहका बिरामीलाई निर्धारित उपचार पद्धतिअनुसार सेवा उपलब्ध गराउने र तीमध्ये ५० प्रतिशतको रगतमा चिनीको मात्रा प्रभावकारी रूपमा नियन्त्रण गर्ने प्रतिबद्धता जनाएका छन् ।

डब्लुएचओका अनुसार सन् २०२६ जुनसम्म नौ देशका एक लाख ८० हजारभन्दा बढी स्वास्थ्य संस्थामार्फत चार करोड ३५ लाखभन्दा बढी मधुमेहका बिरामीसम्म उपचार सेवा विस्तार गरिएको छ ।

यसैगरी, सङ्गठनले सन् २०२१ मा सुरू गरेको विश्वव्यापी मधुमेह अभियानले रोगको जोखिम घटाउने तथा पहिचान भएका सबै व्यक्तिलाई समान, सर्वसुलभ र गुणस्तरीय उपचार सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ ।

दक्षिणपूर्वी एसियामा सन् २०२२ देखि २०३० सम्म नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि तय गरिएको कार्ययोजना र सन् २०२४ को कोलम्बो आह्वानले पनि प्राथमिक स्वास्थ्य सेवा सुदृढीकरण तथा अत्यावश्यक औषधि र रोग पहिचान गर्ने उपकरणमा पहुँच विस्तारलाई प्राथमिकता दिएका छन् ।

क्षेत्रीय देशहरुले मधुमेहसम्बन्धी जनचेतना फैलाउन धार्मिक अगुवाको परिचालन, जीवनशैली परिवर्तन र प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार पद्धति सरल बनाउनेलगायतका उपाय अपनाइरहेका छन् । बङ्गलादेश, भारत, नेपाल, श्रीलंका, थाइल्यान्ड र टिमोर लेस्टेका अनुभवले मधुमेह उपचार सेवा विस्तारका व्यावहारिक उपाय पहिचान गर्न सहयोग पुगेको डब्लुएचओले जनाएको छ ।

यस वर्षको विश्व मधुमेह दिवसको नारा 'मधुमेहमा प्रारम्भिक कदम' रहेको छ । नारालले रोगको समयमै पहिचान, समग्र उपचार सेवामा पहुँच तथा मधुमेह भएका व्यक्तिप्रति हुने विभेद र सामाजिक लाञ्छना अन्त्य गर्नुपर्ने सन्देश दिएको छ ।

पर्व सकिए, धनकुटाका बारीमा फूलको सुगन्ध अझै उस्तै



धनकुटा । फूलको पर्व तिहार र छठ सकिए पनि धनकुटाका खेतबारीमा फूलको रौनक अझै उस्तै छ । पाखाबारीदेखि खेतका कान्लासम्म ढकमक्क फुलेका पहेँला र सुन्तला रङका सयपत्रीले धनकुटाको ग्रामीण सौन्दर्यलाई थप आकर्षक बनाएका छन् । फूलको यही सुन्दरता अहिले किसानका लागि आम्दानीको आशा बनेको छ भने धनकुटाको पहिचानलाई पनि नयाँ आयाम दिँदै गएको छ ।

चाडपर्वमा घरआँगन सजाउन, पूजाआजा गर्न र आफन्तलाई शुभकामना साटासाट गर्न प्रयोग हुने फूलको मागसँगै धनकुटामा व्यावसायिक फूल खेती विस्तार हुँदै गएको छ । तिहार र छठको समयमा मात्र नभई विवाह, पूजाआजा, मेला महोत्सव तथा विभिन्न समारोहमा समेत फूलको प्रयोग बढ्दै जाँदा किसानहरु यस खेतीप्रति आकर्षित भएका हुन् ।

छथर जोरपाटी गाउँपालिका-६ मजुवाका खगेन्द्र पौडेलका लागि अहिले फूल खेती केवल रहर होइन, आम्दानीको बलियो आधार बनेको छ । उनले सञ्चालन गरेको 'श्री पौडेल कृषि फर्म' मा ७० रोपनी क्षेत्रफलमा लगाइएको सयपत्री फूलले यतिबेला बारी नै पहेँलपुर बनाएको छ ।

करिब तीन महिनाअघि रोपिएका बिरुवामा फूल फुलेपछि पौडेललाई फूल टिप्ने, माला बनाउने र बजारसम्म पुऱ्याउने चटारो छ । उनको फर्ममा उत्पादित फूल धनकुटाका स्थानीय बजारदेखि धरान, विराटनगर, बुटवल र काठमाडौंसम्म पुग्ने गरेको छ ।

जिल्लामित्र र बाहिरबाट फूलको माग बढेपछि मागअनुसार उत्पादन पुऱ्याउनसमेत कठिन हुने गरेको पौडेल बताउँछन् । यस वर्ष आ' नो फर्ममाट करिब १० टन फूल उत्पादन गर्ने लक्ष्य रहेको उनले जानकारी दिए ।

'अहिले बजारमा प्रतिकिलो तीनदेखि चार सय रूपैयाँसम्मा फूल बिक्री भइरहेको छ,' पौडेलले भने, 'कुनै ताउँमा किलोका आधारमा र कुनै ताउँमा मुठाका हिसाबले बिक्री गर्दै आएका छौं ।'

तर, फूल खेती देखिएजस्तो सहज भने छैन । चाडपर्वलाई लक्षित गरी समयमै फूल फुलाउनुपर्ने भएकाले रोपाइँदेखि उत्पादनसम्म विशेष ध्यान दिनुपर्ने किसानको अनुभव छ । तिहारलाई लक्षित गरेर करिब सय दिनअघि बिरुवा रोपुनुपर्ने र लेकाली क्षेत्रमा ढुसी लाग्ने तथा पातमा छिर्का बस्ने समस्या देखिने गरेको पौडेल बताउँछन् । यस्ता प्राविधिक चुनौतीका बाबजुद बजारमा माग र मूल्य राम्रो हुँदा आफू उत्साहित रहेको उनको भनाइ छ ।

धनकुटा नगरपालिका-७ का प्रविण पोखेल पनि फूल खेतीबाट राम्रो आम्दानी गर्ने अपेक्षामा छन् । एक रोपनी जमिनमा लगाएको फूल खेतीबाट यस वर्ष करिब दुई लाख रूपैयाँ आम्दानी गर्ने उनको लक्ष्य छ ।

तर, स्वदेशी फूल किसानका लागि बजारको प्रतिस्पर्धा अझै चुनौतीपूर्ण रहेको पोखेलको अनुभव छ । भारतीय फूलको आयात र बजारमा पाइने कृत्रिम मालाका कारण स्थानीय किसानले आ' नो उत्पादन बिक्री गर्न कठिनाइ भोग्नुपरेको उनी बताउँछन् ।

'गत वर्ष भारतीय फूल नआउँदा स्थानीय किसानले उत्पादन गरेको फूल सहजै बिक्री गर्न पाएका थिए,' पोखेलले भने, 'यस वर्ष पनि स्वदेशी उत्पादनले उचित मूल्य पाउने वातावरण बनाउन सरकारले आयात व्यवस्थापन र बजार अनुगमनमा ध्यान दिनुपर्छ ।'

गाउँमै पुगेर बिचौलियाले फूल खरिद गर्न खोजे पनि आफू भने उपभोक्तासम्म सिधै पुगेर बिक्री गर्ने तयारीमा रहेको उनले बताए । यसका लागि आवश्यक समन्वयसमेत भइरहेको उनको भनाइ छ ।

गाउँको बारीदेखि सहरको बजारसम्म धनकुटाको फूल

धनकुटामा उत्पादित सयपत्री फूलको बजार अहिले जिल्लामित्र मात्र सीमित छैन । स्थानीय बजार हुँदै छिमेकी जिल्ला, ताराइका प्रमुख सहर र काठमाडौंसम्म फूल पुग्न थालेपछि व्यावसायिक फूल खेती किसानको आयआर्जनको सम्भावनायुक्त माध्यम बन्दै गएको छ ।

कृषि ज्ञान केन्द्र धनकुटाको तथ्यांकअनुसार जिल्लामा कत्तीमा ५१ रोपनी क्षेत्रफलमा व्यावसायिक फूल खेती भइरहेको छ । यस वर्ष जिल्लामर करिब छ मेट्रिक टन फूल उत्पादन हुने प्रारम्भिक अनुमान गरिएको छ ।

जिल्लाका किसानले न्यूनतम ५० हजार रूपैयाँदेखि ३५ लाख रूपैयाँसम्मको फूल उत्पादन गरी बिक्री गर्दै आएका छन् । फूल खेती विस्तार हुँदै गए पनि किसानलाई लक्षित छुट्टै विशेष कार्यक्रम भने नरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

आवश्यक प्राविधिक सहयोग र परामर्श भने उपलब्ध गराउँदै आएको कृषि ज्ञान केन्द्र धनकुटाका प्रमुख गोविन्दप्रसाद आचार्य बताउँछन् । उनका अनुसार केन्द्रको आधिकारिक तथ्यांकमा समेटिएको भन्दा पनि बढी क्षेत्रफलमा फूल खेती भइरहेको र उत्पादनसमेत बाहिरी बजारमा जाने गरेको अनुमान छ ।

फूल खेतीप्रति किसानको बढ्दो आकर्षणले धनकुटाको कृषि क्षेत्रमा नयाँ सम्भावना देखाएको आचार्यको भनाइ छ ।

कृत्रिम मालाको बढ्दो मोह, प्राकृतिक फूल खेतीमा चुनौती

प्राकृतिक फूलको माग बढ्दै गए पनि बजारमा कृत्रिम मालाको प्रयोग बढ्नु स्थानीय किसानका लागि अर्को चुनौती बनेको छ । सस्तो, आकर्षक र लामो समयसम्म टिक्ने भएकाले प्लास्टिकका मालाप्रति उपभोक्ताको आकर्षण बढ्दै गएको छ ।

तिहारमा मात्र नभई विवाह, पूजाआजा, मेला महोत्सव र अन्य सांस्कृतिक कार्यक्रममा समेत कृत्रिम फूलको प्रयोग बढ्न थालेको किसानहरुको गुनासो छ । यसले स्थानीयस्तरमा उत्पादन भएका प्राकृतिक फूलको बजार र मूल्यमा असर पार्ने गरेको उनीहरुको भनाइ छ ।

किसान पौडेल र पोखेल प्राकृतिक फूलको प्रयोग बढाउन सके स्थानीय उत्पादनले बजार पाउने, किसानको आम्दानी बढ्ने र गाउँमै रोजगारी सिर्जना हुने बताउँछन् । उनीहरुका अनुसार प्लास्टिकका कृत्रिम मालाको प्रयोग घटाएर प्राकृतिक फूललाई प्राथमिकता दिनु आर्थिक तथा वातावरणीय दुवै दृष्टिले महत्त्वपूर्ण छ ।

धनकुटाका खेतबारीमा फूलेका सयपत्री फूलले चाडपर्वको रौनक मात्र बढाएका छैनन्, स्थानीय किसानको आर्थिक भविष्यसँग जोडिएको सम्भावना पनि देखाएका छन् । बजारको सुनिश्चितता, उचित मूल्य, प्राविधिक सहयोग र आयात व्यवस्थापन हुन सके धनकुटाको फूल खेतीले अझ ठूलो व्यवसायिक रूप लिन सक्ने देखिन्छ ।

तिहार र छठको चहलपहल सकिए पनि धनकुटाका बारीमा फैलिएको फूलको सुगन्धले एउटा सन्देश दिइरहेको छ-प्रकृतिले दिएको सौन्दर्यलाई सही बजार र अवसरसँग जोड्न सके फूल पनि किसानको समृद्धिको आधार बन्न सक्छ ।



दैनिक राशिफल
आज मिति २०८३ साल मंसिर १ गते मंगलबार
17 Nov. 2026
तिथि: अष्टमी

ज्यो. लक्ष्मी प्र. दकाल
ठेगाना : बयालपाट गोठ, सप्तरीखोला जोखल नि.गा. उदय सप्तरीखोला नपा.
सम्पर्कका लागि: ९८६४३५०८८९/९८५४००५५६५

मेष	च छ ले ला लि लै ले लो अ सोचे जस्तो काम नबन्ने । मनमा अशान्ति हुने ।	कर्कट	च छ ले लो ला लि लै ले लो अ आयमा सामान्य लाभ । घरायसी विवाद ।	तुला	हि इ ई ही डा डि इ डे डो जिज्ञासाट सहयोग । सवारी साधन जोइन सकिने ।	मकर	भो जा जी खि ख खे खो गा गी बोलीले प्रभाव पार्ने । अध्ययनमा सफलता ।
वृष	इ उ ए ओ वा वि वु वे वो सरकार पक्षको सहयोग । शुभ कार्यमा सहभागी हुने ।	सिंह	मा मि मु मे मो टा टि टु टे मावलीबाट सहयोग । कृषि कार्यबाट लाभ ।	वृश्चिक	तो ना नि नै ने नो या यि यु पराऋण बढ्ने । लेखन कार्यमा मन जाने ।	कुम्भ	गै गे गो सा सी सै से सो द शत्रुको डर हुने । स्वास्थ्यमा केही समस्या ।
मिथुन	का कि कु घ ङ छ के को हा सर्पदंश वृद्धि हुने । आँसामा समस्या ।	कन्या	टो प पी पै ध ण ठ पे पो सन्तानको प्रगति । घरायसी सामान जोडिने ।	धनु	य यो भा भी भ धा फा ढ भे सामान्य आय हुने । नाता.गोताबाट सहयोग ।	मीन	दि दु ब झ ञ दे दो चा ची कार्यमा सफलता । कसैको सहयोग मिल्ने ।

किराँत याक्थुङ चुम्लुङमा नयाँ नेतृत्त्व

झापा/ किरात याक्थुङ चुम्लुङ, दक्षिण कोरियाको नयाँ नेतृत्व चयन भएको छ । चुम्लुङ, दक्षिण कोरियाको हालै सम्पन्न ऐतिहासिक चौथौं महाधिवेशनले विरेन तुम्खेवाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । सर्वसम्मत निर्वाचित समितिको वरिष्ठ उपाध्यक्षमा अमित नेम्वाङ,उपाध्यक्षहरुमा डि.बी. योडहाङ, राजन सौदेन, घनेन्द्र केरुङ, ऋतु सङ्मी, रुविना आङ्बो,मिलन फुदुङ, प्रमेश मादेन,महासचिवमा महेन्द्र हाङसरुम्बा चयन भएका छन् । त्यसैगरि, समितिको सचिवमा इन्दु केरुङ,सहसचिवमा सर्वण कुमार तुम्वापो, कोषाध्यक्षमा बुद्धिबल थोक्लेन र सहकोषाध्यक्षमा समीर



योडहाङ निर्विरोध निर्वाचित भएका छन् ।

यसैगरी, कार्यसमिति सदस्यहरूमा सागर खजुम,यमुना इजम, सम्झना माङ्मु, निर्मल नेम्वाङ, मक्खु योडहाङ, विप्लव तुम्वापो, मिथुन तुम्वापो,युवराज लिम्बु,राजन सम्बाहाम्फे,प्रभात साँवा लिम्बु,नुरेन आङदेम्वे,डिकेन्द्र लिम्बु, निश्चल तुम्खेवा,विर्सुमणि नाल्पो,कुतराज तुम्वाहाङफे,श्रोमी सुयन लावुङ, जेम्स तुम्खेवा, बलिहाङ फियाक, सलोन लिम्बु सुजाता केदम,जानु मादेन लिम्बु, बबिता सङ्मी र मिस्टेक अञ्जान लिम्बु चयन भएका छन् ।

सी. ट्रम्प र पुटिनबीच त्रिपक्षीय शिखर बैठक हुने

एजेन्सी/ चीनले राष्ट्रपति सी जिनपिङ, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आगामी नोभेम्बर १९ मा शेन्जेनमा त्रिपक्षीय शिखर बैठक हुने पुष्टि गरेको छ । विश्वका तीन प्रमुख शक्तिका राष्ट्रप्रमुखबीच हुन लागेको यस बैठकलाई अन्तर्राष्ट्रिय कूटनीतिका दृष्टिले महत्वपूर्ण रुपमा हेरिएको छ ।

चिनियाँ विदेश मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा राष्ट्रपति सी लगायत नोभेम्बर १९ मा शेन्जेनमा अमेरिकी र रूसी समकक्षीसँग भेटवार्ता गर्ने उल्लेख गरेको छ । यद्यपि बैठकको कार्यसूची र छलफलका विषयबारे मन्त्रालयले विस्तृत जानकारी सार्वजनिक गरेको छैन ।

उक्त भेटवार्ता चीनको गुआङदोङ प्रान्तमा नोभेम्बर १७ र १८ मा आयोजना हुने एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) प्रमुख कार्यकारी अधिकृत (सीईओ) शिखर सम्मेलनको सन्दर्भमा हुन लागेको हो । चीनको अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन परिषद् (सीसीपीआईटी) का अनुसार सम्मेलनमा राष्ट्रपति सीसहित एपेकका १२ सदस्य अर्थतन्त्रका प्रतिनिधिहरु सहभागी हुनेछन् ।

सिन्हुवाका अनुसार परिषद्का उपाध्यक्ष ली छिङसुआङले सम्मेलनमा अस्ट्रेलिया, क्यानाडा, चिली, हङकङ, इन्डोनेसिया, दक्षिण कोरिया, मलेसिया, मेक्सिको, रूस, थाइल्यान्ड, सियतनाम र चीनका प्रतिनिधिहरुले विभिन्न सत्रमा सहभागिता जनाउने जानकारी दिए ।

सम्मेलनमा राजनीतिक नेतृत्वका साथै विश्वका ठूला व्यावसायिक संस्थाका प्रतिनिधिहरुको पनि सहभागिता रहनेछ । फर्च्युन ग्लोबल ५०० सूचीमा रहेका ११५ कम्पनीका कार्यकारी सम्मेलनमा सहभागी हुनेछन् । सहभागी विदेशी प्रतिनिधिमण्डलमध्ये अमेरिकी उद्यमहरुको सङ्या सबैभन्दा बढी रहने र सम्मेलनमा सहभागी कम्पनीमध्ये करिब २० प्रतिशत अमेरिकी हुने लीले जानकारी दिएका छन् । सम्मेलनमा अमेरिका, रूस र जापानका व्यापारिक सङ्घका नेताहरु तथा विभिन्न अन्तर्राष्ट्रिय संस्थाका प्रमुखहरु पनि सहभागी हुनेछन् । 'लेगेँ समृद्धि हासिल गर्ने र भविष्य जिल्ने नारासहित आयोजना हुने सम्मेलनमा आपूर्ति शृंखला लगायी थप सरपर्दा बनाउने, क्षेत्रीय व्यापारलाई सहज तुल्याउने तथा डिजिटल र हरित अर्थतन्त्रमा लगानी र सहकार्य विस्तार गर्ने विषयमा छलफल हुनेछ ।

पुस पहिलो साता कांग्रेसको जिल्ला अधिवेशन गर्ने तयारी

दमक/ नेपाली कांग्रेसले आगामी पुस पहिलो सातामित्र जिल्ला अधिवेशन गर्ने र त्यसको तीन-चार दिनपछि प्रदेश अधिवेशन गर्ने तयारी गरेको छ । अधिवेशनको तयारी अघि बढेसँगै कोशी प्रदेशमा नयाँ सभापतिका लागि नेताहरुले आफ्नो दाबी प्रस्तुत गर्न थालेका छन् । कांग्रेस सभापति गगन थापाले छत मनाउन सलाँही पुगेका बेला जिल्ला र प्रदेश अधिवेशनको समयबारे जानकारी दिएका हुन् । उनका अनुसार पुस पहिलो सातामित्र जिल्ला अधिवेशन सम्पन्न गरी त्यसलगतै प्रदेश अधिवेशन गरिनेछ ।

कोशी प्रदेशमा वर्तमान सभापति उद्धव थापा, प्रदेश उपसभापति रमेशजंग रायमाझी, महामन्त्री उमेश थापा, सहमहामन्त्री खड्ग फागो, मोरङ सभापति डिकबहादुर लिम्बु, प्रदेश सांसद मानबहादुर लिम्बु र धनकुटा सभापति दिनेश राईको नाम सभापतिका आकाङ्क्षीका रुपमा चर्चामा छ ।

प्रदेश उपसभापति रायमाझीले सोमबार पत्रकार सम्मेलनमार्फत औपचारिक रुपमा उम्मेदवारी घोषणा गर्ने तयारी गरेका छन् । राष्ट्रियसभा संसदीय दलको नेता भइसकेका उनी लामो समयदेखि प्रदेश संगठनमा सक्रिय छन् ।

वर्तमान सभापति उद्धव थापा पुनः नेतृत्वमा दोहोरिने वा नयाँ व्यक्तिलाई अवसर दिने भन्नेबारे स्पष्ट भइसकेका छैनन् । उनीनिकट नेताहरुले भने थापा पुनः सभापति बन्न इच्छुक रहेको बताउँदै आएका छन् । मोरङ कांग्रेस सभापति लिम्बु पनि सम्भावित उम्मेदवारका रुपमा चर्चामा छन् । प्रदेश महामन्त्री उमेश थापा र सहमहामन्त्री फागोले समेत नेतृत्वका लागि तयारी गरिरहेको कांग्रेस नेतृत्वमा चर्चा छ । कोशी प्रदेशमा १४ जिल्ला र २८ प्रतिनिधिसभा निर्वाचन क्षेत्र छन् । जिल्ला अधिवेशनबाट निर्वाचित नेतृत्व तथा प्रतिनिधिहरुको समर्थन प्रदेश सभापति चयनमा निर्णायक हुने भएकाले जिल्ला तहको निर्वाचनलाई पनि महत्वका साथ हेरिएको छ ।

विशेषगरी मोरङ, झापा, सुनसरी र इलामबाट आउने प्रतिनिधिको समर्थनलाई आकांक्षीहरुले महत्वपूर्ण मानेका छन् । जिल्ला नेतृत्वमा आफ्नो पक्षका नेता निर्वाचित गराउन सके प्रदेश अधिवेशनमा प्रतिनिधिको समर्थन जुटाउन सहज हुने नेताहरुको बुझाइ छ । प्रदेश सभापति सहमतिबाट चयन हुने वा निर्वाचनमार्फत टुंगो लाग्ने भन्ने विषय भने अझै स्पष्ट भएको छैन ।

पहाडका..... *धान काट्न, सुकाउन, बिटा उठाउने तथा धान धन्क्याउने काममा खेताला नपाएर समस्या भएको उनले बताए । उनले यस वर्ष ४० रोपनीमा धानखेती गरेका छन् । धान पाक्न नपाउँदै चरा-मुसाले खाने भएकाले धान काट्न र धन्क्याउन ढिलाइ गर्न नहुने इथिङ्गोको भनाइ छ ।*

स्थानीय किसान हस्तबहादुर पोखेलका अनुसार तिहारपछि लगातार घाम लागेपछि धान काट्न स्थानीय किसान व्यस्त भएका छन् । टारी तथा फाँटमा लगाइएका धान पाकेर पहँलपुर भएपछि किसानलाई यति बेला धान काट्न र धन्क्याउन भ्याइनभ्याइ छ । जिल्लाको माङसेबुङ, चुलाचुली, माई, रोङ गाउँपालिकाका तल्ला क्षेत्रमा लगाइएका धान काट्न थालिएको हो । त्यस क्षेत्रमा धान पाकेर फाँट पहँलपुर भएका छन् । इलामका किसानलाई कात्तिक अन्तिम सातादेखि मङ्सिरसम्म धान काट्न र धन्क्याउन चटारो हुन्छ । यहाँ अझै पनि परम्परागत तरिकाले धान काट्ने र भार्ने चलन छ ।

वर्षभरिको खाना जुटाउने मुख्य बाली भएकाले परिवारका सबै सदस्य धान धान्क्याउने काममा खटिएका अर्का किसान दिलकुमार लावतीले बताए । 'हामीले वर्षभरि खाने मुख्य अन्नबाली धान नै हो । त्यसैले यति बेला धान धन्क्याउन हामी लागिपरेका छौं', उनले भने, 'धान धान्क्याएर पुनः अर्को बाली लगाइन्छ ।' यहाँका किसानले खेतको धान मित्यार्एपछि तोरी, फापर, आलु, गहुँ, मकै तथा तरकारीलगायतका खेती लगाउने गर्छन् । इलाममा ११ हजार ६२ वर्गमलव ६४ हेक्टरमा धानखेती हुँदै आएको छ । मुख्य रुपमा इलामको चुलाचुली गाउँपालिका र माई नगरपालिकामा व्यावसायिक रुपमा धानखेती हुँदै आएको छ ।

अन्य पालिका माङसेबुङ, फाकफोकथुम, रोङ, माईजोगमाई, सन्दकपुर गाउँपालिका एवं देउमाई, इलाम र सूर्योदय नगरपालिकाको तल्लो क्षेत्रमा धानखेती हुने गरेको कृषि ज्ञान केन्द्र इलामले जनाएको छ । समयमै रोगहुँ सकिएकाले विगतका वर्षभन्दा यस वर्ष धान बढी उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्र इलामका सूचना अधिकारी प्रदीप लुइँटेलले जानकारी दिए । इलामका किसान उन्नत जातको साविती, राज्जितका साथै रैथाने चिराखे, भैंगेरे, चुल्ठे, मन्सुली, रामधानलगायत जातका धानखेती गर्ने गरेका छन् ।

ज्येष्ठ..... गरियो भन्ने आवाज उठेको थियो । तर पनि आफूहरूप्रतिको व्यवहार, भएका ऐन नियमको कार्यान्वयन पूर्ण रूपमा गरिदिए पनि सन्तोष मान्न सकिने थियो, तर त्यो पनि नहुँदा भने विशेष र आन्दोलनमा उतिनुपर्ने अवस्था आउन सक्ने महासंघका महासचिव मोहनलाल श्रेष्ठले बताए । सहभागीहरूले स्थानीय तहको सरकारले बजेट विनियोजन गर्दा समेत विभेद गरेको भन्दै गुनासो गरेका थिए ।

राष्ट्रिय ज्येष्ठ नागरिक महासंघले विगतमा सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूमार्फत् ज्ञापन पत्र बुझाएर प्रधानमन्त्रीको समेत ध्यानाकर्षण गरिसकेका छन् । तर पनि सरकारको यो निर्णयमा पुनर्विचार नहुँदा खिन्न भएको उनीहरूको भनाई छ । तर नाममा सम्बोधन नभएपनि काम र व्यवहारमा केन्द्र, प्रदेश र पालिका सबै तहका सरकारले प्रथमिकता का साथ आफूहरूलाई बजेट छुट्याएर पनि चित्त बुझाउने ठाउँ हुन्थ्यो भनेका छन् । महासंघले स्थानीय तहका सबै वडाहरूमा अनिवार्य एउटा दिवा सेवा केन्द्र बनाउन, ज्येष्ठलक्षित संघ संस्थासंग सहकार्य र समन्वय गरेर अधि बढ्न, सवारी साधनमा यात्रा गर्दा यातायात भाडामा ५० प्रतिशत छुट दिने नियम कार्यान्वयन गर्न र स्वास्थ्य उपचारमा आधा रकम छुट सुविधा उपलब्ध गराउन पनि विभिन्न समयमा दबाब दिँदै आएको छ ।

धनकुटामा भएको साधारण सभामा पनि यी कुराहरूमा जोड दिइएको छ । कार्यक्रममा प्रमुख अतिथि धनकुटा नगरपालिकाका मेयर चिन्तन तामाङ र विशिष्ट अतिथि भिमा खनालले पनि महासंघको यस्तो माग र तर्क जायज रहेको भन्दै सबै तहका सरकार, राजनीतिक दल र निकाका नेताहरूले यसको सुनुवाई गर्नुपर्ने विचार व्यक्त गरे । ७ वटै प्रदेश महासंघका प्रतिनिधिहरूले साधारण सभामा ज्येष्ठ नागरिकका समस्या, चुनौती, अल्पकालिन र दीर्घकालिन रूपमा गर्नुपर्ने कामहरूका बारेमा बोलेका थिए । साधारण सभामा धनकुटा नगरपालिकाका मेयर तामाङ, स्थानीय सहयोगदाता तथा सरोकारवाला ज्येष्ठ नागरिकहरूलाई सम्मान समेत गरिएको थियो । साधारण सभाको अध्यक्षता महासंघका अध्यक्ष श्रेष्ठ, स्वागत मन्तव्य ज्येष्ठ नागरिक जिल्ला संघ धनकुटाका अध्यक्ष रामबहादुर श्रेष्ठ र कार्यक्रम सञ्चालन महासंघकी वरिष्ठ उपाध्यक्ष शारदादेवी चन्दले गरेकी थिइन् । साधारण सभा हुनुभन्दा अघि कार्तिक २८ गते बिहान धनकुटा बजारी परिक्रमा गरी झाँकी र बाजागाजा सहित प्रभातफेरी गरिएको थियो ।

मधेश.... लागि सरकारले काम गर्नुपर्ने विषयमा सचेत भएर काम गरिरहेको सभापति लामिछानेले जोड दिए । "गफ गरेर समय बर्बाद गर्नुभन्दा काम गरेर देखाउने समय आएको छ । राश्रपाबाट चुनिने जनप्रतिनिधिहरूलाई मालिक बन्नका लागि होइन, सेवक बनेर काम गर्न पार्टीबाट निर्देशन जारी भइरहेको छ ।"

१२ हजार... जाँच तथा निगरानी गर्दै आएको छ । मादकपदार्थ वा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउन कानुनले निषेध गरेको छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा प्रवलित कानुनी व्यवस्थाअनुसार मापसे र लापसे गरी सवारी चलाउने चालकलाई कारवाही गर्ने व्यवस्था छ । प्रहरीले सवारीचालकलाई ट्राफिक नियमको पूर्ण पालना गर्न तथा मादक पदार्थ र लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाउन आग्रह गरेको छ ।







बेलडाँगी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दमक-२, ३ २ ४ झापाको

साधारण सभा तथा निर्वाचन कार्यक्रमसम्बन्धी सूचना

यस बेलडाँगी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको मिति २०८३।०६।२८ गते बसेको कार्यसमितिको बैठकले यस संस्थाको प्रथम साधारण सभा तथा कार्यसमिति र लेखा/अनुगमन समितिको निर्वाचन निम्न मिति, समय र स्थानमा गर्ने भएकोले संस्थाका सम्पूर्ण उपभोक्ता सदस्यज्यूहरुको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै निर्वाचन सम्बन्धी अन्य कार्यक्रम यसै साथ सम्लगन गरिएको छ ।

- **साधारण सभा तथा निर्वाचन हुने मिति : २०८३।०८।१३ गते**
- **साधारण सभा शुरु हुने समय : बिहान ९:०० बजेदेखि**
- **स्थान : दाहाल प्रतिष्ठानको वत्स हल, दमक ४, झापा**

नोट : साधारण सभा तथा मतदानबाहेकका निर्वाचन सम्बन्धी कार्यहरु संस्थाको कार्यालयमा हुनेछ ।

अनुसूची- १

निर्वाचन कार्यक्रम (निर्देशिकाको दफा ७ सँग सम्बन्धित)

सिन	विवरण	मिति	समय	कै.
१	मतदाताको पहिलो नामावली प्रकाशन	२०८३/०८/०१	१० बजे	
२	मतदाता नामावली उपर दावी विरोध	२०८३/०८/०१	१ देखि ५बजेसम्म	
३	मतदाताको अन्तिम नामावली प्रकाशन	२०८३/०८/०२	१ बजे	
४	उम्मेदवारको मनोनयन पत्र दाखिला	२०८३/०८/०३	१० देखि ५बजेसम्म	
५	उम्मेदवारको पहिलो नामावली प्रकाशन	२०८३/०८/०४	१२ बजे	
६	उम्मेदवार उपरको दावी विरोध	२०८३/०८/०६	१० देखि २बजेसम्म	
७	दावी विरोध उपर छानविन र छानविन पछिको नामावली प्रकाशन	२०८३/०८/०६	१५ बजे	
८	उम्मेदवारी फिर्ता/सर्वसम्मत	२०८३/०८/०७	१ बजेदेखि	
		२०८३/०८/१०	५ बजेसम्म	
९	उम्मेदवारको अन्तिम नामावली प्रकाशन	२०८३/०८/११	१० बजे	
१०	निर्वाचन प्रचार प्रसार	२०८३/०८/११	बिहान११ बजेदेखि	
		२०८३/०८/१२	राति १२ सम्म	
११	मतदान प्रारम्भ	२०८३/०८/१३	१२ देखि ५ सम्म	
१२	मतगणना प्रारम्भ	निर्वाचन पश्चात		
१३	निर्वाचन परिणामको घोषणा	मत गणना पश्चात		
१४	पदाधिकारी चयन			

निर्वाचन अधिकृत
बेलडाँगी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
दमक -२, ३ २ ४, झापा

प्रधानमन्त्री.... गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई दुईतर्फी हवाई मार्गसँग जोड्ने प्रस्ताव पनि छलफलमा राखिनेछ । नेपालगन्जबाट प्रवेश मार्ग प्राप्त भए पश्चिम एसिया र खाडी मुलुकबाट आउने विमानको उडान दूरी, समय र लागत घट्ने अपेक्षा गरिएको छ । भ्रमणका अवसरमा जनकपुरधाम-अयोध्या रेल सेवाको उद्घाटन गर्ने तयारीसमेत छ । ६०४ किलोमिटर लामो उक्त रेलमार्गमा साप्ताहिक सेवा सञ्चालनका लागि भारतको मन्त्रालयले स्वीकृति दिइसकेको छ । यसबाहेक जयनगर-जनकपुर रेलमार्ग बर्दिवासम्म विस्तार र रक्सौल-काठमाडौं रेलमार्ग निर्माणका विषयमा पनि छलफल हुनेछ ।

सडक पूर्वाधारतर्फ पोखरा-भैरहवा द्रुतमार्ग, पहाडी क्षेत्रका सहरलाई भारतीय सीमासँग जोड्ने सडक तथा महाकाली, त्रिशूली र मर्स्याङ्दीलगायत नदीमा पुल निर्माणका प्रस्ताव अघि सारिनेछन् । सीमावर्ती क्षेत्रमा रोकिएका एकीकृत जाँच चौकीको निर्माण पुनः सुरु गर्ने र नयाँ चौकी स्थापना गर्ने विषय पनि एजेन्डामा समावेश छ । ऊर्जा क्षेत्रमा ४०० केभी क्षमताका रोकिएका प्रसारण लाइन निर्माण अघि बढाउने, नयाँ लाइन विस्तार गर्ने र भारत हुँदै बंगलादेशमा भइरहेको विद्युत् निर्यात बढाउने विषय उठाइनेछ । अमलेखगन्ज-चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन विस्तार तथा सिलिगुडीदेखि झापासम्म नयाँ पाइपलाइन निर्माणका लागि पनि भारतीय सहयोग माग्ने नेपालको तयारी छ ।

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५६०२७०. मुद्रण: उज्यालो अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com